# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०५।१२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

गुठी संस्थान, शाखा कार्यालय कालमोचन काठमाण्डौंका कायम मुकायम कार्यालय प्रमुख(सहायक प्रशासक) लेखनाथ सापकोटाले काठमाण्डौं बसन्तपुर स्थित सिंह सत्तल जिर्णोद्धार सम्बन्धि कार्य सम्पन्न पछि नाप जाँच गरी अन्तिम बिल भुक्तानी दिने प्रयोजनका लागी सेवाग्राहीसंग विभिन्न बहानामा घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगालबाट खटिई गएको टोलीले निजलाई रु. २,२०,०००/- (दुई लाख बीस हजार) घुस रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु. २,२०,०००/- (दुई लाख बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता